# स्याङ्जा जिल्ला अदालतबाट जारी भएको दण्ड जरीवाना

## छुट सम्बन्धि जरुरी सूचना

### सूचना प्रकासित मितिः-२०७३।८।१४

यस अदालतको फैसला बमोजिम यस अदालतमा बिभिन्न मुद्दाका व्यक्तीहरुको नाममा लगत कायम रहेको दण्ड जरीवाना र सरकारी बिगो आदी बाँकी बक्यौता रकम यो सुचना जारी भएको मितिले १ (एक) महिना भित्र बुझाउन ल्याएमा सो रकमको १५ (पन्ध्र) प्रतिशत, २ (दुई) महिना भित्र बुझाउन ल्याएमा सो रकमको १३ (तेह्र) प्रतिशत, ३ (तिन) महिना भित्र बुझाउन ल्याएमा सो रकमको ११ (एघार) प्रतिशत, ४ महिना भित्र बुझाउन ल्याएमा सो रकमको ९ (नौ) प्रतिशत, ५ महिना भित्र बुझाउन ल्याएमा सो रकमको ७ (सात) प्रतिशत र ६ महिना भित्र बुझाउन ल्याएमा सो रकमको ५ (पाँच) प्रतिशत छुट दिईने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी जिल्ला अदालत नियमावली २०५२ को नियम ८७ एवं यस अदालतको मिति २०७३।०८।१४ को निर्णय बमोजिम यो सूचना प्रकासीत गरीएको छ । साथै फैसला भएको साठी दिन भित्र अदालतमा उपस्थित भै कैद बस्न वा जरिवाना तिर्न आफै उपस्थित भएमा कैद वा जरीवाना सजायको २० प्रतिशत मिनाहा दिई बाँकी मात्र मु.ऐ, दण्ड सजायको ४१ .क. अनुसार असुल उपर हुने व्यहोरा समेत सूचित गरीन्छ ।